# चेतावनी: ओहायोमा फेला पारिएका खतरनाक नक्कली निर्धारित ट्याबलेटहरू

अल्प्राजोलम (Xanax®) र ओक्सीकोडोन (Oxycontin®) जस्तो देखिने नक्कली निर्धारित ट्याबलेटहरू ओहायोमा बिक्री भइरहेका छन्। तिनीहरूमा मृत्यु हुन सक्ने शक्तिशाली औषधि, फेन्टनाइल र मृत्युको अवस्था निम्त्याउन सक्ने अन्य सामग्रीहरू समावेश हुन्छन्।

नक्कली चक्कीहरूमा रहेका नम्बर र अक्षरका चिन्ह, रङ र स्कोरिङ रेखाहरूले गर्दा तिनीहरू सक्कली/वैध चक्कीहरू जस्तै देखिन्छन्। नाङ्गो आँखाले भिन्नता छुट्याउन लगभग असम्भव छ।

नक्कली ट्याबलेटहरू अनुमतिप्राप्त स्वास्थ्य सेवा प्रदायकहरूद्वारा ***दिइँदैन***। तिनीहरू प्रायः सामाजिक सञ्जाल वा "डार्क वेब" लुकाइएका वेबसाइटहरूबाट बिक्री गरिन्छ र आफू वास्तविक भएको दाबी गर्ने बिक्रेताहरूद्वारा प्रत्यक्ष रूपमा पनि बिक्री गरिन्छ।

**कहिल्यै पनि अनुमतिप्राप्त स्वास्थ्य सेवा प्रदायकबाट प्राप्त नभएका ट्याबलेट वा कुनै पनि निर्धारित औषधि सेवन नगर्नुहोस्।**







**नोट: घातक औषधिहरूका स्तरहरू एउटै ब्याचका भए तापनि, तिनीहरू प्रत्येक ट्याबलेटमा भिन्न-भिन्न हुन सक्छन्। तपाईंसँग अनुमतिप्राप्त स्वास्थ्य सेवा प्रदायकबाट प्राप्त नभएको कुनै पनि चक्की छ भने, अब उपरान्त त्यो सेवन नगर्नुहोस्।**

ट्याबलेटहरू नक्कली हुन सक्ने सङ्केतहरू:


- ट्याबलेटहरू अनुमतिप्राप्त स्वास्थ्य सेवा प्रदायकबाट प्राप्त भएका छैनन्।
- ट्याबलेटहरू निर्धारित औषधिको प्याकेजिङ (जस्तै लेबुल लगाइएको चक्कीको बोतल) मा छैनन्।
- ट्याबलेटहरू व्यक्तिगत रूपमा वा असामान्य रूपमा थोरै मात्रामा बिक्री भइरहेका छन्।
- ट्याबलेटहरू असामान्य रूपमा ठूलो मात्रामा बिक्री भइरहेका छन्।

चक्की वैध वा जालसाजी के हो भनी निर्धारण गर्न प्रायः कठिन हुन्छ। उदाहरणहरू तल दिइएका छन्।

## अल्प्राजोलम/Xanax®
## जालसाजी निर्धारित अल्प्राजोलम र Xanax® ट्याबलेटहरू ओहायोमा जफत गरिएको छ।

| वैध चक्कीहरू | | नक्कली चक्कीहरू | सामान्य भाषा |
|---|---|---|---|
|  | S 90 3 ले चिन्हित हरियो चक्की। |  | ज्यानीहरू<br>जान/ज्यान<br>बारहरू<br>हल्कहरू<br>ल्याडरहरू |
|  | B 707 ले चिन्हित नीलो चक्की। |  | |
|  | G 372 2 ले चिन्हित सेतो चक्की। |  | |
|  | R 039 ले चिन्हित पहेंलो चक्की। |  | |
|  | XANAX 2 ले चिन्हित सेतो चक्की। |  | |

## ओक्सीकोडोन/OxyContin®
## जालसाजी निर्धारित M 30 र A 215 ओक्सीकोडोन ट्याबलेटहरू ओहायमा जफत गरिएको छ।

| वैध चक्कीहरू | | नक्कली चक्कीहरू | सामान्य भाषा |
|---|---|---|---|
|  | M 30 ले चिन्हित नीलो चक्की। |  | Oxy<br>Roxy<br>30s |
|  | A 215 ले चिन्हित नीलो चक्की। | छवि उपलब्ध छैन । | |

फेन्टनाइल एउटा ओपिओइड पीडानाशक औषधि हो जुन धेरै डोज लिएमा गम्भीर श्वासप्रश्वाससम्बन्धी समस्याहरू वा मृत्यु समेत हुन सक्छ।

**हेर्नुपर्ने सङ्केतहरू**
निम्न लक्षणहरू देखिएमा तपाईं वा तपाईंले चिनेको कोही व्यक्तिले फेन्टनाइल वा अर्को ओपिओइडको धेरै डोज लिनुभएको छ भन्ने सङ्केत हुन सक्छ:

- अप्रतिक्रियाशील/बेहोश हुने वा मृत्यु हुने।
- श्वास नफेर्ने वा श्वासप्रश्वासको गति कम हुने।
- श्वास नफेर्ने वा श्वासप्रश्वासको गति कम हुने।
- श्वास रोकिने वा खोकी लाग्ने।
- छाला चिसो वा चिपचिप हुने।
- आँखाहरूका नानीहरू अत्यन्तै साना हुने।
- रिंगटा लाग्ने वा भ्रम हुने।

**कसरी मद्दत गर्ने**
NARCAN® पनि भनिने नालोक्सोन एउटा यस्तो औषधि हो जसले ओपिओइडको ओभरडोजविपरीत कार्य गर्न सक्छ र मस्तिष्कमा ओपिओइडका प्रभावहरू अवरुद्ध गरी श्वासप्रश्वास द्रुत रूपमा पुनर्स्थापना गरेर जीवनहरू बचाउँछ। निम्न अवस्थामा नालोक्सोन सुरक्षित छ: यो ओपिओइडहरू नलिएका कोही व्यक्तिलाई दिइयो भने, यसले कुनै हानी गर्दैन र आपतकालीन चिकित्सा पेशेवरहरूले 40 वर्षभन्दा बढी समयसम्म नालोक्सोनको प्रयोग गरेका छन्।

कृपया ध्यानमा राख्नुहोस्: नालोक्सोन स्वयम् लिन सकिँदैन।

**तपाईंलाई आफू वा अन्य कोही व्यक्ति आकस्मिक खतरामा भएको जस्तो लागेमा, 911 मा कल गर्नुहोस्।**

संकटमा हुनुहुन्छ? 1-800-662-HELP (4357) मा कल गर्नुहोस् वा 741741 मा "4HOPE" लेखेर टेक्स्ट गर्नुहोस्।

*तपाईंले ओभरडोज भएको देख्नुहुन्छ भने, आफू गिरफ्तार हुन सक्छु भन्ने डर भए तापनि, सधैं मद्दतका लागि कल गर्नुहोस्। Ohio को गुड सामरिटन कानूनले ओभरडोजको अवधिमा 911 मा कल गर्ने मानिसका लागि विभिन्न स्तरका प्रतिरोधात्मक क्षमता प्रदान गरेर तपाईंको सुरक्षा गर्छ।*

*यसद्वारा जारी गरिएको:*
Ohio Department of Health

# अतिरिक्त सिफारिसहरू

## स्वास्थ्य सेवा प्रदायकहरूका लागि

फेन्टनाइल र अन्य सम्भावित रूपमा घातक सामग्रीहरू भएका जालसाजी निर्धारित ट्याबलेटहरू बढेको कारणले, ओहायो स्वास्थ्य विभागले पहिलो प्रतिक्रिया जनाउने व्यक्ति, स्वास्थ्य सेवा प्रदायक, पदार्थ दुरुपयोग उपचार पेशेवर, समुदायमा आधारित परियोजना DAWN (नालोक्सोनद्वारा रोकिएका मृत्युहरू) कार्यक्रम र अवैध औषधिहरू प्रयोग गर्ने मानिससँग अन्तरक्रिया गर्ने अन्य व्यक्तिहरूलाई यी सिफारिसहरू गर्छ।

**व्यक्तिहरूलाई नालोक्सोनमा पहुँच गर्न र बोक्न मद्दत गर्नुहोस्**

अवैध औषधिहरू प्रयोग गर्ने बिरामी/सेवाग्राहीका साथसाथै उनीहरूका परिवार र साथीहरूलाई नालोक्सोन बोक्न प्रोत्साहन गर्नुहोस्। उनीहरूलाई स्थानीय परियोजना DAWN समुदायमा आधारित नालोक्सोन शिक्षा तथा वितरण कार्यक्रमबारे र नालोक्सोन वितरण गर्ने स्थानीय फार्मेसीबारे सिफारिस गर्नुहोस्। नालोक्सोन कहाँ प्राप्त गर्ने बारे थप जानकारी www.odh.ohio.gov/projectdawn मा उपलब्ध छ। नालोक्सोन चिकित्सकको पर्चीबिना धेरैजसो ओहायो फार्मेसीहरूमा पनि उपलब्ध छ। नालोक्सोन प्रस्ताव गर्ने ओहायो फार्मेसीहरूको सूची www.pharmacy.ohio.gov/stopoverdose मा उपलब्ध छ।

**गैर-ओपिओइडहरू संदिग्ध/सङ्केत गरिँदा औषधिका ओभरडोजहरूका लागि नालोक्सोन दिनुहोस**

नालोक्सोन कोकिन र मेथाम्फेटामाइन जस्ता स्टिमुलेन्टहरूका कारणले मात्रै भएका औषधिका ओभरडोजहरूको उपचार गर्नमा प्रभावकारी नभए तापनि, नालोक्सोन लिनाले फेन्टनाइल र यसका एनालगहरू जस्ता स्टिमुलेन्ट र ओपिओइडहरूको मिश्रणद्वारा भएका औषधिका ओभरडोजहरूका लागि सहयोगी हुन सक्छ।

**अवैध पदार्थहरू प्रयोग गर्ने बिरामी/सेवाग्राहीहरूलाई फेन्टनाइलसँग मिश्रण गरिएका औषधिहरूका खतराहरूबारे शिक्षा दिनुहोस्**

ओभरडोज र मृत्युको बढ्दो जोखिमका बारेमा जोड दिनुहोस्। मुख्य बुँदाहरू अर्को स्तम्भमा फेला पार्न सकिन्छ। सामुदायिक सदस्यहरूसँग साझा गर्नुपर्ने जानकारी पनि www.OHAgainstOD.ohio.govमा उपलब्ध छ।

## फेन्टनाइलसँग सम्भावित रूपमा मिश्रित गरिएका अवैध औषधिहरूका खतराहरू

- फेन्टनाइल प्रायः प्रयोगकर्तालाई थाहा नदिइकन अन्य औषधिहरूसँग मिश्रित गरिन्छ।
- फेन्टनाइलको उच्च प्रभाव र यो प्रभाव शरीरमा रहिरहने समयको लम्बाइको कारणले घातक हुने बढी सम्भावना हुन्छ।
- ओभरडोजको जोखिम बढाउने औषधिहरू (मदिरासहित) मिश्रण गर्न रोक्नुहोस्।
- एक्लै हुँदा औषधिहरू प्रयोग नगर्नुहोस्, जसकारण ओभरडोज हुँदा अन्य कसैले मद्दत गर्न/मद्दत प्राप्त गर्न सक्नुहुन्छ।
- औषधिहरू प्रयोग गर्ने व्यक्तिका साथसाथै परिवार र साथीहरू सबैलाई औषधिको ओभरडोजका सङ्केत र लक्षणहरू, नालोक्सोन कहाँ प्राप्त गर्ने, यसलाई कसरी लिने, उद्धार श्वासप्रश्वास कसरी गर्ने र नालोक्सोन लिइए तापनि 911 मा तुरुन्तै कल गर्नुको महत्त्वबारे प्रशिक्षण दिनुपर्छ।
- ओभरडोजको प्रभावविपरीत कार्य गर्नका लागि नालोक्सोन लिएपछि चिकित्सा सुझावको विपरीत एम्बुलेन्स वा अस्पताल नछोड्नुहोस्। ओपिओइडहरूको प्रभाव हट्नुअघि नालोक्सोनको प्रभाव हट्न सक्छ - र तपाईंलाई फेरि बेहोश हुने र श्वासप्रश्वासको गति कम हुने वा रोकिने जस्ता समस्यासहित ओभरडोज हुन सक्छ।

## अतिरिक्त योगदानकर्ताहरू

- Miami Valley Regional Crime Lab.
- Ohio State Highway Patrol Crime Lab.
- Lake County Crime Lab.
- Columbus Division of Police Crime Lab.
- Ohio Bureau of Criminal Investigation Drug Chemistry Unit.

## पदार्थ प्रयोग उपचार र व्यवहारात्मक स्वास्थ्य सेवाहरू

स्वास्थ्य सेवा प्रदायकहरूले अवैध औषधिहरू प्रयोग गर्ने बिरामी/सेवाग्राहीहरूलाई उपचार गर्नका लागि सिफारिस गरेर मद्दत गर्न सक्नुहुन्छ वा ओहायो निवासीहरूले सोमवारदेखि शुक्रवार, बिहान 8 बजेदखि साँझ 6 बजेसम्म उपलब्ध ओहायो मानसिक स्वास्थ्य तथा लत सेवा विभागलाई टोल-फ्रि हेल्पलाइन 1-877-275-6364 मा कल गर्न सक्नुहुन्छ।

तपाईंको समुदायको स्थानीय मदिरा, औषधि लत तथा मानसिक स्वास्थ्य सेवा बोर्ड (ADAMH) ले ओहायो निवासीहरूलाई न्यून-लागत लाग्ने व्यवहारात्मक स्वास्थ्य सेवाहरूसँग जोड्नमा पनि मद्दत गर्न सक्छ। www.mha.ohio.gov/wps/portal/gov/mha/community-partners/adamh-boards मा आफ्नो स्थानीय ADAMH बोर्ड फेला पार्नुहोस्।

1-800-720-9616 मा कल गर्नुभयो भने Ohio CareLine ले व्यक्तिहरू आफ्नो जीवनमा आइपरेका चुनौतीहरूको सामना गर्नका लागि संघर्ष गरिरहेको बेला व्यक्तिगत वा पारिवारिक संकटको समयमा गोपनीय सहायता प्रस्ताव गर्न सक्ने प्रशिक्षित व्यवहारात्मक स्वास्थ्य पेशेवरहरूको 24/7 पहुँच प्रस्ताव गर्छ। कल गर्नेहरूलाई अतिरिक्त सेवाहरू आवश्यक हुँदा, उनीहरूले स्थानीय प्रदायकहरूको सहायता र सम्पर्क प्राप्त गर्ने छन्।

ओहायो निवासीहरूले www.findtreatment.gov बाट व्यवहारात्मक स्वास्थ्य उपचार प्रदायकहरूको पहुँच पाउन पनि सक्नुहुन्छ।

## अतिरिक्त स्रोतहरू

- पत्राचार अर्डरद्वारा सहित, नालोक्सोन प्राप्त गर्ने बारे जानकारी: odh.ohio.gov/wps/portal/gov/odh/know-our-programs/project-dawn/project-dawn-programs.
- संयुक्त राज्य औषधि प्रवर्तन निकाय (DEA) एउटा चक्कीले मृत्यु हुन सक्छ: www.dea.gov/onepill.
- नक्कली निर्धारित ट्याबलेटहरूबारे DEA को समाचार विज्ञप्ति: www.dea.gov/press-releases/2021/09/27/dea-issues-public-safety-alert.